शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

आज मिति २०७७/०५/०९ गते मंगलवारका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान वहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री अनिलकुमार पाण्डे | सचिव |

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

शिवालय गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिमा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

<u>प्रस्तावहरु</u>

१. हेभी ईक्वीमेन्ट खरिद सम्बन्धमा ।

२. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।

३. रकम भुक्तानी सम्बन्धमा ।

४. विपद ब्यवस्थापन तथा जोखिम न्यूनिकरण सम्बन्धमा ।

५. ६ नं वडा कार्यालय ब्यवस्थापन सम्बन्धमा ।

६. सडक मर्मत सम्बन्धमा ।

७. स्वास्थ्य इकाईको परीक्षा संचालन सम्बन्धमा ।

८. तार जालि तथा हुम पाइम खरिद सम्बन्धमा ।

९. वार्षिक समिक्षा सम्बन्धमा ।

१०. कोरोना विमा सम्बन्धमा ।

११. चौमासिक कार्यक्रम सम्बन्धमा ।

१३. स्वास्थ्य विमा सम्बन्धमा ।

१४. सामुदायिक स्तरमा पि.सी.आर. परीक्षण गर्ने सम्बन्धमा ।

१५. अन्य प्रासंगिक विषयबस्तु सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं. १

यस शिवालय गाउँपालिकाको छैठौं गाउँसभावाट विनियोजन भएको हेभी ईक्वीपमेन्ट (भ्याक हो लोडर) खरिद कार्यक्रम चालु आ व ०७७।०७८ मा कार्यान्वयन गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ अनुसार E- Bidding मार्फत खरिद गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

यस शिवालय गाउँपालिकाको गत आ व ०७६।०७७ मा विश्व ब्यापी महामारी रुपमा फैलिएको कोभिड १९ का कारण भारत लगायत अन्य तेस्रो मुलुकवाट आएका ६९२ जना नागरिकहरु विभिन्न क्वारेन्टाइनमा करिव १ महिना बस्दा व्यवस्थापनमा भएको खर्चको वारेमा छानविन गर्न गठित लेखा समितिले पेश गरेको प्रतिवेदन अनुसार खरिद गरेका तर हराएका सामानहरुको प्रहरी मुचुल्का बनाई तथा मौजुदा सामान दाखिला गरी चालु आ व ०७७।०७८ मा सबै प्रकारको खर्च स्थानीय प्रकोप व्यवस्थापन कोषमा विनियोजन भएको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

## निर्णय नं. ३

गत आ.व. ०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार काम सम्पन्न भई सकेका तपशिलमा उल्लेखित योजनाहरुको भुक्तानिको सम्बन्धमा व्यापक छलफल गर्दा प्राविधिक विल तथा कार्यसम्पन्न मुल्याङ्कन, नापी किताब, विल भरपाई, कर बिजक, उपभोक्ता समितिको निर्णय र चालु आ.व.०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रममा रकम विनियोजन भएको हकमा भुक्तानि गर्ने निर्णय गरियो ।

**तपशिल**

१) रिठा ताँगा चिउदुवा सडक शिवालय ३ रु. ३१,५०,०००।

२) ठाँटी चिउदुवा सडक मर्मत शिवालय ५ रु. ७,००,०००।

३) थाला कचाली सडक निमाण शिवालय ६ रु. १०,००,०००।

४) तल्लो जाम्ना सिंचाई कुलो निर्माण शिवालय ४ रु. १,४०,०००।

५) सेवालाघाट व्यवस्थापन शिवालय ३ रु. ८,००,०००।

६) शिवालय बजार प्रतिक्षालय निर्माण शिवालय ३

७) भुराडाँडा प्रतिक्षालय निर्माण शिवालय २

८) क्वारेन्टाइन निर्माण तथा व्यवस्थापनमा भएको खर्च ( पेश हुन आएका विल भरपाई का आधारमा )

९) आगलागी नियन्त्रण सम्बन्धी जनचेतनामूलक सामग्री छपाई वितरणको लागि जिल्ला प्रहरी कार्यालय जाजरकोट रु १,००,०००। समपुरक कोषवाट भुक्तानी गर्ने ।

## निर्णय नं. ४

मिति २०७७ साल भाद्र ०२ गते तथा विभिन्न समयमा भएको भारी वर्षाका कारण आएको बाढी पहिरोले सबै भन्दा बढी क्षति वडा नं. ६ मा पुऱ्याएको जानकारी प्राप्त भयो । उक्त वडामा पुऱ्याएको क्षतिको अध्ययन गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सबै वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक शाखा प्रमुख, स्वास्थ्य संयोजक लगायतको टोलिले तत्काल अध्ययन गर्न जाने र अन्य वडाहरुको हकमा प्रहरी मुचुल्काको आधारमा यस पालिकाले राहत वितरण गर्ने र यस पालिकाबाट राहत उपलब्ध गराउन नसक्नेहरुको हकमा जिल्ला विपद् व्यवस्थापन समिति, कर्णाली प्रदेश सरकार र संघीय सरकार समक्ष सिफारिश गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

मिति २०७७ साल भाद्र ०२ गते तथा विभिन्न समयमा भएको भारी वर्षाका कारण आएको बाढी पहिरोले ६ नं वडा कार्यालयको भाडामा लिएको घर बगाएको हुँदा कार्यालय संचालन सामानहरु

निः प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

बगाएकाले कार्यालय संचालनको लागि आवश्यक पर्ने सामानहरु तत्काल कार्यपालिका कार्यालय तत्काल उपलब्ध गराउने र निर्णय नं. ४ बमोजिम अध्ययन टोलीले अध्ययन गरी पाएक पर्ने स्थानमा कार्यालय स्थान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

मिति २०७७ साल भाद्र २ गते लगायत विभिन्न समयमा भएको भारी वर्षाका कारण आएको बाढी पहिरोले यस गाउँपालिकाको मुख्य सडक छेडा कचाली सडकको विभिन्न खण्डमा भत्केको पहिरो गएको हुँदा दैनिक आवागमनमा कठिनाई भएको हुँदा तत्काल उक्त सडक मर्मत गरी आवागमन सुचारु गर्नुपर्ने हुँदा प्राविधिक लागत स्टिमेटको आधारमा रु. पाँच लाख रकमसम्म लागत स्टिमेट भएमा कोटेशन विधिबाट मर्मत गर्ने र रु पाँच लाख भन्दा बढीको लागत स्टिमेट भएमा उपभोक्ता समिति मार्फत मर्मत गर्ने र साथै भुक्तानि सडक मर्मत संभार कोषबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

गत आ.व. मा विज्ञापन भई दरखास्त संकलन भएको अ.हे.व. पदको लिखित तथा मौखित परीक्षा अस्थायी तथा करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि बमोजिम स्वास्थ्य सेवा कार्यालयबाट विषय विषज्ञको रुपमा डा. भुपेन्द्र प्रकाश मल्ललाई तोकी परीक्षा सम्पन्न गरी नतिजा प्रकाशन गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

चालु आ.व. २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रममा तारजाली तथा ह्युम पाइप खरिदमा रकम विनियोजन भएको र हाल विभिन्न समयमा परेको भारी वर्षाका कारण सडक लगायत विभिन्न सार्वजनिक संरचनाहरु भत्के विग्रेको हुँदा तत्काल मर्मत संभार संभार गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

गत आ.व. २०७६।७७ मा यस कार्यालयबाट कार्य सम्पन्न गरेको काम कारवाहीको बारेमा आम नागरिकहरुलाई जानकारी गराउने उद्देश्यले मिति २०७७०५।२५ गते भित्र सबै वडा कार्यालय/विषयगत शाखाले आ आफ्नो वडा/विषयत शाखामा भए गरेका काम कारवाहीको वार्षिक

प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तिमा, जाजरकोट
२०७३

प्रगति समीक्षा गोष्ठी सम्पन्न गर्ने र समग्र गाउँपालिकाको वार्षिक प्रगति समीक्षा गोष्ठी मिति २०७७ साल भाद्र मसान्त भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस गाउँपालिकाका जनप्रतिनिधि र कार्यरत कर्मचारीहरुको कोरोना विमा अनिवार्य गर्नु पर्ने भएकोले सो वापत लाग्ने विमित रकम यस शिवालय गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही सबै विषयगत शाखाहरुले चौमासिक कार्यक्रम तयारी गरी स्वीकृत गराउन विषयगत शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

नेपाल सरकारले संचालनमा ल्याएको स्वास्थ्य विमा कार्यक्रमलाई शिवालय गाउँपालिकामा व्यापक अभियानकै रुपमा अगाडि बढाउन एकजना दक्ष जनशक्ति आवश्यक भएको हुँदा एक जना जनशक्ति पालिकाबाट व्यवस्थापन गर्ने र यस शिवालय गाउँपालिकाका जनप्रतिनिधि, कार्यरत कर्मचारी र शिक्षकहरु लगायत सर्वसाधारण नागरिकहरुले अनिवार्य स्वास्थ्य विमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

हाल कारोना भाइरस सामुदायिक स्तरमा फैलिदै गएको देश मै संक्रमितको संख्या दिनानुदिन बढ्दै गएको सन्दर्भमा शिवालय गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । यसै सन्दर्भमा यस शिवालय गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, बंकका कर्मचारीहरु लगायत सामुदायिक स्तरमा पि.सी.आर. परीक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

विभिन्न समयमा आएको बाढीले छेडा थलह सडकको मोर्क खोलाको कजवे बगाएको र मिति २०७७ साल भाद्र ०२ गतेको भारी वर्षा कारण आएको बाढीले मोर्कखाला ठुलो क्षति पुऱ्याएको हुँदा यस जिल्लाका छेडागाड नगरपालिका, जुनीचाँदे गाउँपालिका, कुशे गाउँपालिका र यस पालिकाको वडा नं. ९ जाने अवरुद्ध भएको र उक्त सडक मर्मत गर्न यस पालिकाको बजेटले निर्माण गर्न नसक्ने भएको

नि. प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

हुँदा उक्त सडक मर्मतका लागि भौतिक पूर्वाधार कार्यालय जाजरकोट/प्रदेश सडक डिभिजन कार्यालय चौरजहारी रुकुम पश्चिमलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रहरी चौकी शिवालय १ छेडाचौरबाट कार्यालय व्यवस्थापनको लागि सामान माग भई आएको हुँदा आवश्यकता पहिचान गरी कार्यालय संचालन सम्बन्धी आवश्यक सामानहरु उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६**

शिवालय गाउँपालिका वडा नं. २ निवासी श्री सहवीर घर्तीले आफुलाई प्यारालाइसिस भई दिर्घ रोगी भएको भनि औषधी उपचार खर्च वापत राहत पाउँ भनि मेडिकल प्रेसकृप्सन र औषधीको विल भरपाई सहित निवेदन पेश गरेको हुँदा निजलाई राहत स्वरुप रु. ५०,०००। आर्थिक सहायता शिर्षकबाट भुक्तानि गर्ने र उपचार गर्न जाँदा नेपालगञ्जसम्म एकतर्फि एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७**

मिति २०७७ असाढ भन्दा अगाडिको वर्षातका कारण शिवालय २ स्थित श्री हिमालय आ.वि. डुङ्ग्राको छाना तथा घरावार भत्केको र श्री चन्द्रसुर्य प्रा.वि. नेपाको छना, घेरावार र फिल्ड भत्केकोले उक्त विद्यालय मर्मत भई सकेकोले प्राविधिक मूल्याङ्कनको आधारमा विद्यालय मर्मत शिर्षकबाट भुक्तानि गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

मिति २०७७ भाद्र ०२ गतेको अविरल वर्षाका कारण आएको बाढी पहिरोले जिल्ला सदरमुकाम खलंगा र प्रदेश राजधानी वीरेन्द्रनगर सुर्खेतदेखि शिवालय गाउँपालिकाको केन्द्र जोड्ने छेडा कचाली सडकको विभिन्न खण्ड भत्किएको, विभिन्न ठाँउमा लगाएको ग्यावियन जाली र मेशिनरी वाल क्षतिग्रस्त हुन गई सडक पूर्णरुपमा क्षतिग्रस्त भई सवारी साधन आवागमन अवरुद्ध भई अत्यावश्यक खाद्यबस्तु तथा निर्माण आपुर्तिमा कठिनाई उत्पन्न भई जनजीवन असहज भएकोले उक्त सडक तत्काल निर्माण तथा मर्मत गर्न यस गाउँपालिकाको बजेटले संभव नभएकोले आवश्यक बजेट व्यवस्थाका लागि श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेश सुर्खेतसंग माग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७७/०५/०९ मा बसेको एकाउन्नौं बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

शिवालय गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिम्रु, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner